# राष्ट्रिय मानव अधिकार आयोग

National Human Rights Commission, Nepal

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


# प्रेस-विज्ञप्ति

१७ जेठ २०७७

## स्वेच्छाचारी गिरफ्तारी बन्द गर ।

हलेसी तुवाचुङ्ग नगरपालिका-२ खोटाङ बस्ने चक्रबहादुर खत्रीलाई स्वेच्छाचारी रुपमा पटकपटक पक्राउ गरिएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । निज चक्रबहादुर खत्रीको अवस्था सम्बन्धमा परिवारलाई जानकारी समेत नदिई स्थिति अज्ञात पार्ने गरिएको, निजउपर अपमानजनक व्यवहार गरिएको तथा सर्वोच्च अदालतबाट पटकपटक जारी भएका आदेशहरुको बेवास्ता गरिएको सम्बन्धमा चौबीस घण्टाभित्र जवाफ पठाउन आयोगले नेपाल सरकार, गृह मन्त्रालयलाई पत्राचार गरेको छ । निज खत्रीलाई २०७६ वैशाख २ गते पहिलो पटक पक्राऊ गरी जिल्ला कारागार खोटाङमा राखिएकोमा सर्वोच्च अदालतबाट भएका आदेशहरू विपरीत २०७६ चैत २८ गते, २०७७ वैशाख १३ गते, २०७७ वैशाख २८ गते, २०७७ जेठ २ गते र २०७७ जेठ १५ गते छैठौं पटक पक्राऊ गरी हालको लकडाउनको अवस्थामामा खोटाङ, उदयपुर, सोलुखुम्बु हुँदै २०७७ जेठ १६ गते सिरहा पुर्‍याइएको पाइएको छ ।

नेपाल सरकार, स्थानीय प्रशासन र प्रहरीबाट योजनाबद्ध रुपमा भएका यस किसिमका स्वेच्छाचारितापूर्ण गिरफ्तारीबाट नेपालको संविधानको धारा १७ (१), धारा २० र धारा १२६ (२) ले प्रत्याभूत गरेका मौलिक एवम् संवैधानिक हक र मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा १०, दफा २०० र दफा २०२ ले प्रत्याभूत गरेको कानुनी हक विपरीत कार्य भएको देखिन्छ ।

अतः नेपालको संवैधानिक एवम् कानुनी व्यवस्था तथा सर्वोच्च अदालतबाट पटकपटक भएका आदेश विपरीत स्वेच्छाचारी रुपमा व्यक्तिलाई पटकपटक पक्राउ गर्ने कार्य तत्काल बन्द गरी व्यक्तिको मानव अधिकारको सम्मान र संरक्षण तथा कानुनी शासनको प्रत्याभूत गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

वेद भट्टराई
सचिव/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org